संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६७ वैशाख ५**

---

**अधिकारकर्मी जयकिशोर लभको मृत्युबाट उच्चायुक्तको कार्यालय दुखी**

काठमाडौं, वैशाख ५

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (उच्चायुक्तको कार्यालय) धनुषाका मानवअधिकार रक्षक जयकिशोर लभको असामयिक निधन भएको थाहा पाउँदा अत्यन्त चिन्तित भएको छ ।

श्री लभका छोरा सञ्जीवकुमार कर्ण (दीपु) सन् २००३ अक्टोबरमा प्रहरीद्वारा जनकपुरमा गिरफ्तार गरिएपछि फेरि कहिल्यै नदेखिएका चार अन्य विद्यार्थीसँगै बेपत्ता पारिएका थिए । पेसाले वकिल श्री लभले बेपत्ता पारिएका ती विद्यार्थीहरूको अवस्थाबारे थाहा पाउन र त्यसमा जिम्मेवारहरूलाई जवाफदेही बनाउन अथक् सङ्घर्ष गरेका थिए ।

सो घटना धेरै पीडित तथा उच्चायुक्तको कार्यालयलगायतका मानवअधिकार रक्षकका सङ्गठनहरूका लागि प्रतीकात्मक घटना बनेको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त नभी पिल्लेले गत वर्ष नेपालको भ्रमण गर्दा उनले जनकपुर गई श्री लभ तथा बेपत्ता पारिएकाहरूका परिवारका अन्य सदस्यहरूसँग अन्तर्क्रिया गरेकी थिइन् । उनले धनुषास्थित नेपाल प्रहरीका प्रहरी उपरीक्षक (एसपी)सँग भेटी ती पाँच विद्यार्थीको बेपत्ताबारे अनुसन्धान पूरा गर्न आह्वान गरिन् । उच्चायुक्तको कार्यालयले राष्ट्रिय मानवअधिकार आयोगजस्ता अन्यसँगै सो घटनाबारे अनुगमन जारी राखेको छ र १० दिनअघि मात्र प्रहरी महानिरीक्षकलाई सो अनुसन्धान पूरा गर्न आग्रह गरेको थियो ।

द्वन्द्वकालमा राज्यद्वारा तथा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)द्वारा बेपत्ता पारिएकाहरूको परिवार र मानवअधिकार सङ्गठनहरूद्वारा उनीहरूको अवस्था स्पष्ट पार्न पटकपटक अनुरोध गर्दा पनि त्यस्ता अधिकांशको अवस्था अझै अज्ञात नै छ ।

“जयकिशोर लभ एक संवेदनशील तथा दृढ पुरुष हुनुहुन्थ्यो जसले, छोरा गुमाउनाको वेदना र जारी दण्डहीनताप्रतिको रोषले नै गर्दा भने पनि हुन्छ, स्वास्थ्यमा समस्या आउँदा पनि आफ्ना छोरा तथा बेपत्ता पारिएका अन्यलाई न्याय दिलाउन साहसपूर्वक लड्नुभयो । म उच्चायुक्तको कार्यालयका तर्फबाट उहाँको परिवारप्रति गहिरो समवेदना प्रकट गर्न चाहन्छु र फेरि एकपटक गृह मन्त्रालयका अधिकारीहरूलाई धनुषामा बेपत्ता पारिएका विद्यार्थीहरूको अवस्था स्पष्ट पार्न तथा त्यसमा जिम्मेवारलाई न्यायको कठघरामा ल्याउन आग्रह गर्दछु” उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो ।

For further information contact Chun B. Gurung, Tel: 4280164,

Ext. 320; 98510 16937 (mobile), cgurung@ohchr.org